# कागेश्वरी मनोहरा नगरपालिका
## KAGESHWORI MANOHARA MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय (OFFICE OF MUNICIPAL EXECUTIVE)
डाँछी, काठमाडौं (Danchhi, Kathmandu)
बागमती प्रदेश, नेपाल (Bagmati Province, Nepal)

पत्र संख्या :- ०७६/०७७
च.नं. ४६९२

मिति :२०७७/०३/३१

**श्री वडाध्यक्षज्यू (सबै)**
**कागेश्वरी मनोहरा नगरपालिका ।**

**विषय :- रोजगार सेवा केन्द्रमा सूचिकरण हुने समय सीमाको सम्बन्धमा ।**

प्रस्तुत विषयमा मिति २०७७/०३/३० गते श्री श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको पत्र अनुसार रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका , २०७५ को दफा १८ तथा नेपाल सरकार (मन्त्रिपरिषद) को तत्कालीन राहत सम्बन्धी मिति २०७७/०१/१४ को निर्णय बमोजिम आगामी आर्थिक वर्ष २०७७/७८ मा स्थानिय तह मातहत रहेका रोजगार सेवाकेन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक बिकास निर्माणका काममा योगदान गर्न इच्छुक बेरोजगार व्यक्तिहरुले निवेदन दिन सक्ने समयावधि २०७७ श्रावण ८ देखि २०७७ भाद्र ७ सम्म कायम गरीएको हुदाँ आफूले स्थायी बसोबास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचिकृत हुन निवेदन दिनुहुन यो सुचना प्रकाशित गरिएको छ । साथै उक्त सूचना टासँ एंव प्रचार प्रसार गरिदिनुहुन अनुरोध गरिन्छ ।

संलग्न :

१) परिर्वतित निवेदनको ढाँचा (WWW.PMEP.GOV.NP मा निवेदनको ढाँचा उपलब्ध छ । )

२०७७/०३/३१

(गिरीराज ज्ञवाली)
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
(प्रधानमन्त्री रोजगार कार्यक्रम)

सिंहदरबार, काठमाण्डौं, नेपाल
फोन नं. ०१-४२००४७७
फ्याक्स नं. ०१-४२११८७७
Email : info.pmep.np@gmail.com
Website: pmep.gov.np

प.सं. २०७६/७७
च.नं./PMEP/ १७५

श्री रोजगार सूचना केन्द्र
वडा/web/ Facebook Page
मार्फत प्रचार प्रसारको व्यवस्था
मिलाउने

मिति:२०७७/०३/३०

श्री गाउँपालिका तथा नगरपालिका, सबै ।
मार्फतः- श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार

विषयः रोजगार सेवा केन्द्रमा बेरोजगार व्यक्ति सूचिकरण सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७, प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १८ तथा नेपाल सरकार (मन्त्रिपरिषद) को तत्कालीन राहत सम्बन्धी मिति २०७७/०१/१४ को निर्णय समेतको आधारमा रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान हुने १०० दिनको न्यूनतम रोजगारीमा संलग्न हुन चाहने बेरोजगार नेपाली नागरिकले स्थानीय तहको रोजगार सेवा केन्द्रमा सूचिकरण हुने समय सीमाको सम्बन्धमा नेपाल सरकार (मा. मन्त्रीस्तरको) मिति २०७७।३।३० मा भएको तपशिल बमोजिमको निर्णय कार्यान्वयनका लागि पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

तपशिलः

(क) आ.ब.२०७७।७८ को लागि रोजगार सेवा केन्द्रमा न्यूनतम रोजगारीमा संलग्न हुन चाहने बेरोजगार व्यक्तिले निवेदन दिन सक्ने समयावधि २०७७ श्रावण ८ गते देखी २०७७ भाद्र ७ सम्म कायम गरीएको छ । भाद्र मसान्तसम्म सबै स्थानीय तहहरुले बेरोजगार व्यक्ति सुचिकरणका सम्पूर्ण प्रकृया पुरा गरी रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) मा प्रविष्ट गर्ने ।

(ख) न्यूनतम रोजगारीमा संलग्न हुन चाहने बेरोजगार व्यक्तिले बेरोजगारको सूचिमा दर्ता हुनको लागि दिने निवेदन (प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को अनुसूची १ संशोधित बमोजिम) यसै साथ संलग्न बमोजिम ढाँचा प्रयोग गर्ने । (संशोधित अनुसूची १ www.pmep.gov.np मा उपलब्ध छ।)

(ग) आ.व.२०७७।७८ को लागि न्यूनतम रोजगारीमा संलग्न हुन चाहने बेरोजगार व्यक्तिले २०७६ चैत्र १० गतेसम्म (बन्दाबन्दी सुरु हुनु भन्दा अगाडी) नियमानुसार रोजगार सेवा केन्द्रमा निवेदन दिएका व्यक्तिले पुनः निवेदन दिईरहनु नपर्ने । सोहि निवेदन बमोजिम स्थानीय तहले नियमानुसार सूचिकरणको प्रकृया अगाडी बढाउने ।

(कृष्ण पौडेल)
शाखा अधिकृत

बोधार्थः
श्री प्रदेश सामाजिक विकास मन्त्रालय,
श्री रोजगार संयोजक, सबै ।